# रणनीतिक योजना - २००८-२०१०

**राष्ट्रिय मानवअधिकार आयोग**
**नेपाल**

**सर्वाधिकार © राष्ट्रिय मानव-अधिकार आयोग**
**हरिहर भवन, ललितपुर, नेपाल ।**

आयोगको पूर्व स्वीकृतिविना यस प्रतिवेदनलाई वौद्धिक वा शैक्षिक प्रयोजन बाहेक व्यापारिक वा अन्य प्रयोजनको लागि पुनःउत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । वौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाइ आवश्यक अंशहरू साभार गरी प्रयोग गर्न सकिनेछ ।

**डिजाइन**
सुबोध पोखरेल

मुद्रकः

**प्रकाशक**
राष्ट्रिय मानव-अधिकार आयोग
हरिहर भवन, ललितपुर
फोन नं : ००९७७-१-५०१००१५
पो.ब.नं. ९१८२ काठमाडौं, नेपाल
इमेलः nhrc@nhrcnepal.org
वेबः www.nhrcnepal.org

प्रकाशन मितिः आश्विन, २०६५
संस्करण : प्रथम, १००० प्रति
प्रकाशन नं. ४३/९४/०६५ (केन्द्रिय कार्यालय)
प्रकाशन सहयोगी : राष्ट्रिय मानवअधिकार आयोगको क्षमता अभिवृद्धि परियोजना

## आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

माननीय केदारनाथ उपाध्याय

**सदस्यहरू**

माननीय रामनगिना सिंह
माननीय गौरी प्रधान
माननीय डा. लीला पाठक
माननीय डा के. बी. रोकाया

**सचिव**

विशाल खनाल

# मन्तव्य

नेपालमा विगत केही वर्षदेखि राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा तीव्र परिवर्तनहरू भइरहेका छन् । विशेषगरी, सशस्त्र द्वन्द्वको अवस्थाबाट मुलुक क्रमिक रूपमा शान्ति प्रक्रियामा रूपान्तरित भइरहेकाले नेपाली जनतामा नयाँ आशा पलाएको छ । आयोगले मुलुकको बद्लिदो परिस्थितिमा मानव अधिकारका जल्दावल्दा सबालहरुलाई सम्बोधन गर्न २००८ देखि २०१० सम्म तीन बर्षका लागि नयाँ रणनीतिक योजना तर्जुमा गरिएको छ । स्वाभाविक रूपमा योजनाले परिवर्तित सन्दर्भमा जनभावना एवम् आवश्यकतालाई आत्मसात् गरी व्यक्तिले मर्यादित र गुणस्तरीय जीवनयापन गर्न पाउने कुरालाई सम्बोधन गर्नु पर्दछ । साथै, यसमा विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूमा निहित मानवअधिकारका प्रावधानहरू समावेश गर्नु पनि उत्तिकै जरुरी हुन्छ ।

राष्ट्रिय मानवअधिकार आयोगले यो रणनीतिक योजना तयार गर्दा यिनै कुरालाई पृष्ठभूमिमा राखेको छ । नेपालको अन्तरिम संविधान, २०६३ ले आयोगलाई पहिलेको कानूनी हैसियतबाट संबैधानिक आयोगमा अभिवृद्धि गरेपछि आयोगद्वारा तर्जुमा गरिएको यो पहिलो रणनीतिक योजना हो । तसर्थ, यस रणनीतिक योजनाले अन्तरिम संविधानमा निहित निर्देशक सिद्धान्तहरुका मानब अधिकारका पक्षहरुलाई समेत समावेश गरेको छ । यसको सफलता प्रभावकारी कार्यान्वयनमा निर्भर रहने भएकोले तत् पश्चात मात्र आयोगले आफ्नो लक्ष्य हासिल गरेको अनुभूति गर्नेछ ।

आयोगको अध्यक्षको हैसियतले म यस रणनीतिक योजना पद्धतिमा हाम्रा सबै सरोकारवालाहरूले पुऱ्याएको सहयोग एवम् सुझावप्रति अभार व्यक्त गर्न चहान्छु र यस योजनालाई लागू गर्न आयोगद्वारा गरिने भावी प्रयासमा पनि यहाँहरूबाट पाइरहेको निरन्तर सहयोगमा अभिवृद्धिका लागि समेत अनुरोध गर्न चाहन्छु । यसको कार्यान्वयनको जुनसुकै चरणमा यहाँबाट प्राप्त हुने सुझावहरू पनि स्वागतयोग्य रहनेछन् ।

यस रणनीतिक योजनाका सम्पूर्ण प्रक्रियाहरूमा योजना महाशाखाले देखाएको संलग्नता सराहनीय छ भने यस दस्तावेजलाई यो स्वरूपमा ल्याउन मेरा सहकर्मीहरू, आयोगका सचिव, महाशाखा प्रमुखहरू तथा सबै कर्मचारीहरूबाट प्राप्त सहयोग तथा प्रयासहरू पनि उत्तिकै प्रशंसनीय छन् ।

आयोगले द्वन्द्वपश्चात्को अवस्थामा नयाँ चुनौतीहरूको सामना गर्नु परिरहेको छ । संविधानसभाको निर्वाचन सम्पन्न भए लगत्तै देखा परेका मानवअधिकारका विविध सवालहरूको सम्बोधन सीप एवम् सावधानीका साथ गर्नुपर्ने हुन्छ । हामीले मानवअधिकारमैत्री संविधान निर्माणका लागि दबाब सिर्जना गर्न यसको

प्रारम्भिक चरणदेखि नै प्रशस्त कार्यहरू गर्नु पर्ने हुन्छ । साथै, विधिको शासन, समानता र न्यायका सिद्धान्तको सुनिश्चितताको लागि पनि हामी उत्तिकै सक्रियतापूर्वक लाग्नु पर्ने हुन्छ ।

आयोगद्वारा वर्तमान रणनीतिक योजनामा त्यस्तै खालका विभिन्न प्रयासहरूलाई समावेश गर्ने प्रयास गरिएको छ । निश्चय पनि यस मार्गमा चुनौतीहरू प्रशस्त रहेका र यसका गतिविधिहरूका तुलनामा हामीलाई प्राप्त स्रोत-साधन कम भए तापनि मानवअधिकार समुदायहरूको सहयोग, सद्भाव एवम् ऐक्यवद्धताबाट क्रमिक रूपमा यी चुनौतीहरूको समाना गर्दै हामी लक्ष्य हासिल गर्नेछौँ भन्ने कुरामा म पूर्ण विश्वस्त छु ।

केदारनाथ उपाध्याय
अध्यक्ष

# कृतज्ञता

रणनीतिक योजनाको तर्जुमा आफैमा अनुभव प्राप्त गर्ने प्रक्रिया पनि हो । रणनीतिक योजना निमार्ण प्रक्रियाको सिलसिलामा सरोकारबालाहरुसँग छलफल गर्ने उद्देश्यले आयोजना गरिएका परामर्श कार्यक्रमका सहभागीहरुबाट महत्वपूर्ण राय सुझाव प्राप्त भएका थिए । यस रणनीतिक योजना निर्माण प्रक्रियाको सिलसिलामा हामीलाई महत्वपूर्ण सल्लाह एवम् सुझाव दिने सङ्घ-संस्था तथा व्यक्तिहरूको प्रशंसाका शब्दहरू व्यक्त नगर्ने हो भने यस दस्तावेजले पूर्णता पाएको मान्न सकिँदैन । ज्ञान एवम् अनुभवबाट खारिएका (Thick tank group) पूर्वन्यायाधीशहरू, प्राध्यापकहरू, राजदूतहरू, राष्ट्रिय मानवअधिकार आयोगका पूर्वसदस्यहरू र नागरिक समाजका अगुवाहरूबाट प्राप्त सुझावप्रति हामी आभारी छौं । त्यसैगरी, विभिन्न राजदूतावासका प्रतिनिधिहरू, संयुक्त राष्ट्रसङ्घीय निकायहरू तथा नेपालका विभिन्न दातृ निकायका प्रतिनिधिहरूले हाम्रो प्रयासमा देखाउनु भएको अभिरुचि तथा निरन्तर सहयोग गर्ने प्रतिबद्धताका लागि समेत हामी उहाँहरूप्रति आभार प्रकट गर्दछौं ।

त्यसैगरी, नेपाल सरकारका विभिन्न निकायका प्रतिनिधिहरू, वुद्धिजीवी वर्ग, गैरसरकारी संस्थाका प्रतिनिधिहरू र नागरिक समाजका प्रतिनिधिहरूलाई यस मस्यौदा निर्माणमा उहाँहरूले दिनुभएको महत्वपूर्ण सरसल्लाह र सुझावका लागि धन्यवाद दिन चाहन्छौं । यस दस्ताबेजलाई यो स्वरुप मा ल्याई पुऱ्याउन आयोगका क्षेत्रीय कार्यालयका प्रमुख, कर्मचारीहरू तथा सम्पर्क कार्यालयका कर्मचारीहरूले दिनुभएको सल्लाह एवम् सहयोगका लागि धन्यवाद दिन चाहन्छौं । यस योजनाको सम्पूर्ण प्रक्रियामा विशेषगरी, आयोगको योजना, आन्तरिक अनुगमन तथा मुल्यांकन महाशाखा र राष्ट्रिय मानवअधिकार आयोगको क्षमता विकास परियोजनाबाट भएको अथक परिश्रम एवं केन्द्रीय कार्यालका महाशाखा प्रमुखहरु एवं कर्मचारीहरुको लगनशीलता वास्तवमै प्रशंशनीय छ ।

अन्त्यमा, रणनीतिक योजना प्रक्रियाका विभिन्न चरणमा आयोगका माननीय अध्यक्ष र माननीय सदस्यहरूबाट प्राप्त विज्ञता, मार्गनिर्देशन तथा नेतृत्वदायी भूमिकाप्रति अभार व्यक्त गर्नु मेरो दायित्व हो भन्ने मैले ठानेको छु ।

विशाल खनाल
सचिव

# विषयसूची

मन्तव्य
कृतज्ञता
विषयसूची

प्रतिवेदनको सारांश १
१. सन्दर्भ ३
२. संगठनको परिचय ४
३. योजना पद्धति ६
४. दूरदृष्टि, ध्येय र लक्ष्य ७
५. आधारभूत मूल्य-मान्यता ८
६. मानवअधिकारका अहम् सवाल १०
७. उद्देश्य तथा रणनीतिहरू १४
८. धारणा तथा कार्यविधि २३
९. पूर्वानुमान र जोखिम २५

**अनुसूची**
अनुसूची - १ तार्किक ढाँचा (लोजिकल फ्रेमवर्क) २८
अनुसूची - २ समय-तालिका ३४
अनुसूची - ३ अनुमानित बजेट ३६
अनुसूची - ४ परामर्श कार्यक्रम ३७

सन्दर्भ सामग्री ४६

# प्रतिवेदनको सारांश

यो रणनीतिक योजना अन्तरिम अवधि सन् २००८-२०१० का लागि तयार गरिएको छ, जसले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधान निर्माणको अवधिलाई समेटने छ । राष्ट्रिय मानवअधिकार आयोगले महशुश गरेका आवश्यकतामा यो दस्तावेज आधारित छ । आयोगका अघिल्ला रणनीतिक योजनाहरूको कार्यान्वयनका सिलसिलामा हासिल गरिएका अनुभव तथा सिकिएका पाठहरूले यो दस्तावेज तयारीका विभिन्न चरणहरूमा मार्गदर्शकका रूपमा काम गरेका छन् ।

## आयोगको लक्ष्य

हाम्रो ध्येय विश्वव्यापी रूपमा आत्मसात् गरिएका मानवअधिकारका मान्यता, सिद्धान्त र मापदण्ड अनुरूप मानवअधिकारको संरक्षण, प्रवर्द्धन, सम्मान र परिपूर्ति सुनिश्चित गर्न, मानवअधिकार संस्कृतिको प्रवर्द्धन गर्न र दण्डहीनताको संस्कृतिलाई अन्त्य गर्न स्वतन्त्र, निष्पक्ष र विश्वसनीय राष्ट्रिय संस्थाका रूपमा अग्रणी भूमिका वहन गर्नु हो ।

आयोगले मानवअधिकारसम्बन्धी नौवटा मूल्य-मान्यताहरू पहिचान गरेको छ । ती मूल्य-मान्यतामा पहुँचता, जवाफदेहिता, विविधता, समानता तथा समता, निष्पक्षता, स्वतन्त्रता, इमानदारिता, सहभागिता तथा पारदर्शिता रहेका छन् । आयोग यी मूल्य-मान्यताहरूलाई आत्मसात गर्न तथा आयोगका बृहत् खालका गतिविधिहरुमा यसलाई समाबेश गर्न प्रयत्नशील रहनेछ । देशको सामाजिक, आर्थिक, राजनीतिक तथा मानवअधिकारको स्थितिलाई समेत मध्यनजर गर्दै तल उल्लिखित सवालहरूलाई यस दस्तावेजमा प्राथमिकता दिइएको छ ।

१ मानवअधिकारसम्बन्धी सिद्धान्त तथा मूल मान्यतालाई अभिवृद्धि गर्ने,
२ मानवअधिकारमैत्री संविधान निर्माण गर्न सहभागितामूलक र समावेसी प्रक्रियाको प्रवर्द्धन गर्ने,
३ दण्डहीनताको संस्कृतिको अन्त्य गर्ने,
४ मानिसको जीवन, स्वतन्त्रता तथा सुरक्षाको स्थापना गर्ने,
५ यातना र अमानवीय व्यवहारको अन्त्य तथा कारागार तथा हिरासत सुधार गर्ने,
६ बेपत्ता, आन्तरिक विस्थापित व्यक्तिहरू तथा द्वन्द्व पीडित व्यक्तिका बारे सत्यको पहिचान एवम् बाँचेका वा मृतकका परिवारलाई न्याय दिने,
७ लिङ्ग, जात, धर्म, जातीय समूह, भाषा र वैचारिक आस्था तथा क्षेत्रगत आधारमा हुने सबै प्रकारका भेदभाव तथा हिंसाको अन्त्य गर्ने ।
८ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारलाई जनताका मौलिक अधिकारका रूपमा सुनिश्चित गर्ने ।

९ राष्ट्रिय विकास कार्यक्रममा महिला, बालबालिका, अपाङ्‌ता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा अल्पसङ्ख्यकलगायतका सामूहिक अधिकारलाई मूल प्रवाहीकरण गर्ने ।

१० मानवअधिकार संरक्षण र प्रवर्द्धनका निम्ति गैरसरकारी संस्था, नागरिक समाज तथा मानवअधिकार रक्षकहरूसँग कार्यगत र उद्देश्य केन्द्रित सहकार्य गर्नुका साथै राज्यका प्रतिवद्धताहरूलाई उसको काममा प्रभावकारी कार्यान्वयन गर्ने ।

यसैअनुरूप, विभिन्न रणनीतिक उद्देश्यहरू रहेका छन् जसलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

*१. दण्डहीनताको अन्त्य गर्ने अभिप्रायले विधिको शासन, शान्ति तथा मानवअधिकार संस्कृतिलाई सुदृढीकरण गर्ने ।*

*२. समावेशी तथा सहभागितामूलक विधिद्वारा मानवअधिकार मैत्री संविधान निर्माणका लागि वकालत तथा सहयोगीको भूमिका निर्वाह गर्ने ।*

*३. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकलगायतका उपेक्षित तथा बञ्चितिमा पारिएका वर्गहरूको लैङ्गिक तथा जातीय समानता, सशक्तीकरण र सबै प्रकारका हिंसा तथा विभेदको अन्त्यमा विशेष जोड दिंदै सामूहिक हक-अधिकारको वकालत तथा अनुगमन गर्ने ।*

*४. शिक्षा, सूचना एवम् सञ्चारसम्बन्धी सामाग्री विकास तथा वितरण गरी समाजमा मानवअधिकार शिक्षा तथा चेतना अभिवृद्धि गर्ने ।*

*५. आवश्यक सूचकाङ्क तथा मापदण्ड निर्माण गरी राज्यद्वारा गरिनुपर्ने आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको परिपूर्ति स्तरको अनुगमन तथा वकालत गर्ने ।*

*६. मानवअधिकारसम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको अनुमोदन वा सम्मीलन, घरेलुकरण तथा प्रभावकारी कार्यान्वयन गरिने कुराको सुनिश्चितता लागि अनुगमन तथा वकालत गर्ने ।*

*७. आयोगको सुदृढीकरण तथा संस्थागत क्षमता विस्तार गरी आयोगको पहुँचता, विश्वसनीयता, प्रभावकारिता र जवाफदेहिताको अभिवृद्धि गर्ने ।*

# १. सन्दर्भ

नेपालको अन्तरिम संविधान, २०६३ ले राष्ट्रिय मानवअधिकार आयोगलाई मानवअधिकारको संरक्षण, संम्वर्द्धन र प्रभावकारी कार्यान्वय गर्ने गहन जिम्मेवारी प्रदान गरेको छ । विस्तृत शान्ति सम्झौता तथा २३ बुँदे सहमतिलगायतका अन्य सम्झौताहरूबाट पनि राष्ट्रिय मानवअधिकार आयोगलाई ती सम्झौताहरूको मानवअधिकारका दृष्टिकोणले पालना भए/नभएको अनुगमन गर्ने जिम्मेवारी पनि प्रदान गरिएको छ । आयोगले संविधानसभाको निर्वाचनलाई सक्रियताका साथ अनुगमन गरेको र मानवअधिकार मैत्री संविधान निर्माणका लागि संविधान निर्माण प्रक्रियामा सहयोग गर्ने योजना अघि सारेको छ ।

यस अघिको रणनैतिक योजना २००४-२००८ मुलुकको द्वन्द्वकालीन स्थितिको सन्दर्भमा तयार गरिएको हुनाले ती विषयवस्तुलाई प्राथमिकतामा राखिएको थियो । हाल मुलुक द्वन्द्वपश्चात्को अवस्थाबाट गुज्रिरहको छ । त्यसैले द्वन्द्वको अवस्थामा नागरिकमाथि भएको पीडा र दूरावस्थाको स्थितिमा सुधार ल्याउन द्रुततर आर्थिक तथा सामाजिक विकास अत्यावश्यक रहेको छ । राष्ट्रको विकास एजेन्डासँग मेल खाने गरी तर्जुमा गरिएको यो योजना विशेषगरी नागरिकको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्तिका विषयवस्तुहरूका साथै नागरिक तथा राजनैतिक अधिकारहरुमा केन्द्रित छ । अधिकांश मानिसहरू चरम गरिबीको अवस्था रहेका तथा विविध खाले हिंसाका शिकार भइरहेका छन् । तसर्थ, तिनीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरूका साथै आत्मसम्मानका साथ विकासमुखी तथा  शान्तिपूर्ण वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्नु नितान्त जरुरी छ ।

एक दशक लामो सशस्त्र द्वन्द्वको अन्त्यसँगै नेपाल शान्ति निर्माणको प्रक्रियामा प्रवेश गरेको छ । नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३ सालमा भएको विस्तृत शान्ति सम्झौताले देशमा दिगो शान्तिको मार्ग प्रशस्त गरको छ । विस्तृत शान्ति सम्झौता बमोजिमका सत्य निरूपण तथा मेलमिलाप आयोग तथा शान्ति तथा पुनर्स्थापना आयोग जस्ता आवश्यक संयन्त्रहरू निकट भविष्यमा स्थापना हुने अपेक्षा गरिएको छ । त्यस्तै, अन्तरिम संविधान, २०६३ ले विधिको शासन, न्याय तथा शान्ति कायम राख्नका लागि सहयोग पुऱ्याउने अन्य आयोगहरूको समेत स्थापना गर्ने परिकल्पना गरको छ ।

चरम गरिबी तथा जातपात तथा लैङ्गिक आधारमा हुने विभेद नागरिकको मानवअधिकारको उपभोगका लागि बाधक भएको तथ्य हाम्रा सामु छर्लङ्गै छ । पदसोपानमा आधारित शक्ति संरचना, विभेद र आर्थिक-सामाजिक असमानताले समाजमा गहिरोसँग जरा गाडेको छ । यिनै तथ्यलाई मध्यनजर गर्दै आयोगले महिला, बालबालिका, दलित, जनजाति तथा मधेसी समुदाय, अपाङ्गता भएका व्यक्तिहरू, आदिवासी तथा धार्मिक लगायतका अल्पसङ्ख्यकका हक-अधिकारका विषयलाई योजनामा समेटेको छ । साथै, आयोगले मानव अधिकारको पूर्ण सम्मान तथा समतामूलक समाज निमार्णका लागि लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता महत्वपूर्ण विषयलाई समेत सम्बोधन गर्नेछ ।

संविधान निर्माण प्रक्रियाको सन्दर्भमा मानवअधिकारका प्रावधानहरूलाई अझ परिष्कृत गर्नका लागि संविधानमा राष्ट्रिय मानव अधिकार आयोगको स्वतन्त्रतालाई अक्षुण राखिनु नितान्त आवश्यक छ । यसै सन्दर्भमा आयोगले आफ्नो संवैधानिक हैसियतलाई कायमै राख्न वकालत गर्ने तथा सबै वर्ग, समुदायको सक्रिय, स्वतन्त्र तथा अर्थपूर्ण प्रतिनिधित्व तथा सहभागिता मार्फत मानवअधिकारमैत्री संविधान निर्माणमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । साथै, संविधानसभाका सदस्यहरूको मानवअधिकारप्रतिको व्यापक समर्थनलाई सुनिश्चित गराउन अभिमुखीकरण तथा सचेतनात्मक कार्यक्रमहरूलाई समेत अगाडि बढाइनेछ ।

नेपाल मानवअधिकारका प्रमुख अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र बनिसकेको छ, जसमा अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि १६९, बाल अधिकार सम्वन्धी महासन्धिको तथा महिलाविरुद्ध हुने सबै प्रकार विभेद विरुद्धको महासन्धीको इच्छाधीन आलेखहरूलाई समेत अनुमोदन गरिसकेको छ । राष्ट्रिय मानवअधिकार आयोगले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, यातनाविरुद्धको महासन्धिको इच्छाधीन आलेख, अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम विधान, जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिहरूको संरक्षणसम्बन्धी अभिसन्धि र सबै आप्रबासमा रहेका कामदारहरू र तिनका परिवारहरूको संरक्षणलगायतका मानवअधिकारको दृष्टिकोणले अनुमोदन गर्न बाँकी दस्तावेजको समेत अनुमोदनका लागि वकालत गर्नुपर्ने छ ।

योजनाको अवधिमा आयोगको प्रभावकारिता तथा सेवालाई अभिवृद्धि गर्ने तथा आयोगको पहुँच विस्तारलाई व्यापक बनाउने कार्यक्रम रहेको छ । आयोगले संस्थागत पुनर्संरचना गर्ने प्रक्रियामा उपरोक्त विषयलाई समेत अगाडि बढाइसकेको छ । संवैधानिक आयोगको हैसियतले मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्न प्राप्त गहन जिम्मेवारी तथा मुलुकको बदलिँदो आर्थिक-सामाजिक अवस्थालाई समेत ध्यानमा राखी आयोगले पुनर्संरचना गर्ने प्रक्रियाको थालनी गरिसकेको छ ।

## २. संगठनको परिचय

राष्ट्रिय मानवअधिकार आयोग वि.सं. २०५७ सालमा मानवअधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापना भएको हो । नेपालको अन्तरिम संविधान, २०६३ ले आयोगको पहिलेको कानुनी हैसियतलाई अभिवृद्धि गरी संवैधानिक हैसियत प्रदान गरेको छ । मानवअधिकारको संरक्षण, सम्बर्द्धन, सम्मान तथा प्रभावकारी कार्यान्वय गर्ने आयोगको प्रमुख दायित्व रहेका छन् । राष्ट्रिय मानवअधिकार आयोग पछिल्ला दिनमा एउटा सशक्त एवम् विश्वसनीय संस्थाका रूपमा देखा पर्दे आएको छ । नयाँ पदाधिकारीहरूको नियुक्तिपश्चात् संयुक्त राष्ट्र संघीय मानवअधिकार सम्बधी उच्च आयुक्तको कार्यालयको मानवअधिकारसम्बन्धी राष्ट्रिय

संस्थाहरूको अन्तर्राष्ट्रिय समन्वय समितिबाट 'क' वर्गको आधिकारिक मान्यता पाउन आयोग पुनः सफल भएको छ ।

आयोगको मानवअधिकार सेवासम्बन्धी पहुँचलाई विस्तार गर्ने उद्देश्यका साथ मुलुकको पूर्वाञ्चल, पश्चिमाञ्चल, सुदूरपश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा चारवटा क्षेत्रीय कार्यालयहरू क्रमशः बिराटनगर, पोखरा, नेपालगञ्ज तथा धनगढीमा अवस्थित रहेका छन् । त्यस्तैगरी द्वन्द्वकालीन अवस्थालाई समेत मध्यनजर गरी अस्थायी रूपमा खोटाङ्ग, रोल्पा, जुम्ला, बुटवल तथा जनकपुरमा समेत गरी आयोगका पाँचवटा सम्पर्क कार्यालयहरू स्थापना गरिएका थिए । हालै आयोगले केही सम्पर्क कार्यालय समाहित गरी क्षेत्रीय तथा उप-क्षेत्रीय कार्यालय खोल्ने प्रक्रिया अगाडि बढाएको छ । सोही क्रममा आयोगले पूर्वी तराईका केही जिल्लाहरूमा सेवा विस्तारका लागि जनकपुर सम्पर्क कार्यालयलाई क्षेत्रीय कार्यालयका रूपमा विस्तार गर्ने प्रक्रिया अगाडि बढाएको छ । आयोग अन्तर्गत रहेको चेलीबेटी बेचविखनविरुद्धको राष्ट्रिय समाधीक्षकको कार्यालय पनि महत्वपूर्ण कार्यालयका रूपमा कार्यरत छ ।

आयोगले मानवअधिकारको संरक्षण, सम्बर्द्धन, सम्मान र परिपूर्ति गर्नका लागि तदारुकताका साथ थुप्रै कार्यहरू सम्पन्न गर्दै आएको छ । नियमित रूपमा समग्र मानवअधिकार स्थतिको अनुगमन गर्नु आयोगको प्रमुख कार्य हो । विभिन्न मानवअधिकार अनुगमनका प्रतिवेदनहरू नियमितरूपमा नेपाली तथा अङ्ग्रेजी भाषामा प्रकाशन एवम् व्यापकरूपमा वितरण गर्ने कार्य भइरहेका छन् । आयोगले मानवअधिकार उल्लङ्घनका घटनासम्बन्धी उजुरीहरू ग्रहण गरी अनुसन्धान गर्ने कार्य गर्दै आएको छ । साथै, आयोगले आफ्नै स्वविवेकीय आधारमा समेत उजुरी ग्रहण गरी अनुसन्धान गर्ने कार्य पनि गर्दै आएको छ ।

आयोग उजुरीको निष्पक्ष सुनुवाईको सुनिश्चितता हुनपर्ने कुरामा संवेदनशील छ । अनुसन्धानको सिलसिलामा सङ्कलित प्रमाणको वस्तुनिष्ठ विवेचनाका साथै मानवअधिकारसम्बन्धी राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय प्रावधान, सिद्धान्त एव मापदण्डहरू आयोगको निर्णयका आधारहरू हुन् । आयोगले मानवअधिकारको उल्लङ्घन र रोकथामका लागि उत्तरदायी राज्यका अङ्गहरूमाथि उचित कानुनी कारवाही तथा पीडितहरूलाई क्षतिपूर्तिको सिफारिस गर्दछ । त्यसैगरी, मानवअधिकारको अवस्थाको सुधारका निम्ति नयाँ कानुनको निर्माण एवम् प्रचलित कानुनहरूमा सुधार तथा मानवअधिकारका अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूलाई अनुमोदन र सम्मीलन गर्न आवश्यक सिफारिस गर्ने गर्दछ । साथै, अन्तर्राष्ट्रिय सन्धिका प्राबधानहरूको प्रभावकारी पालना गर्नुपर्ने राज्यको दायित्व पूरा गराउन आवश्यक सिफारिस तथा सचेतना अभिवृद्धि गर्ने समेत कार्य गर्दछ । अन्तिम विकल्पका रूपमा आयोगले आयोगद्वारा गरिएका सिफारिसहरू कार्यान्वयन गर्न अस्वीकार गर्ने तथा पालना नगर्ने राज्यका अङ्ग, व्यक्ति तथा सङ्घ-संस्थाहरूको नाम सार्वजनिक गर्न सक्दछ ।

आयोगले मुलुकभरि मानवअधिकारको संरक्षण, प्रबर्द्धन र सम्मानका विविध क्षेत्रमा कार्यरत नागरिक समाज, समूह तथा गैरसरकारी संस्थाहरूसँग सुमधुर सम्बन्ध स्थापित गर्दै आएको छ । नेपाल सरकारका मन्त्रालयहरू, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल अन्तर्गतका मानवअधिकार सेल र अन्य

आयोगहरूसँग समेत आयोगको सुमधुर सम्बन्ध रहेको छ । त्यस्तै, विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम, मानवअधिकार सम्बन्धी उच्चायुक्तको कार्यालय, युरोपियन सङ्घ, मानवअधिकारका लागि एसिया प्रशान्त मञ्च र अन्य नेपालका दातृ समुदायसँग पनि आयोगको राम्रो सम्बन्ध रहेको छ ।

## ३. योजना पद्धति

आयोगले १४ नोभेम्बर २००७ मा आफ्नो दोश्रो रणनीतिक योजनालाई समाप्त गरी मुलुकको बद्लिदो राजनीतिक परिस्थितिका कारण सृजित समस्याहरु त्था मानव अधिकारको अबस्थालाई सम्बोधन गर्न तेस्रो रणनीतिक योजना २००८-२०१० तर्जुमा गर्ने कार्यको थालनी भएको थियो । २००७ को डिसेम्वरमा योजना महाशाखाले प्रक्रियाको सहजीकरण गर्ने सिलसिलमा महाशाखा प्रमुखहरू सम्मिलित कार्य समूह गठन गरिएको थियो । आयोगको योजना महाशाखालाई तेश्रो रणनीतिक योजना तर्जुमाको समन्वय तथा सहजीकरण गर्ने जिम्मेबारी दिइएको थियो । कार्य समूहले अवधारणा पत्र बिकास गर्नुका साथै विभिन्न चरणमा सरोकारबालाहरु आयोजना गरिने छलफल तथा परामर्श कार्यक्रमहरु सहितको  विस्तृत कार्य योजना तयार गरेको थियो ।

जनवरी २००८ मा आयोगका आयुक्तहरू, कर्मचारीहरू आयोगको क्षमता अभिवृद्धि परियोजनाका कर्मचारीहरू लगायत अन्य सल्लाहकारको सहभागिता रहेको दुई दिने प्रारम्भिक कार्यशालाको आयोजना गरिएको थियो । कार्यशाला परिवर्तित सन्दर्भमा योजनाका लागि प्राथमिक विषयहरूको पहिचान गर्न सफल भएको थियो । तत्पश्चात कार्य समूहले रणनीतिक योजनाको प्रारम्भिक खाका तयार पारेको थियो । दोस्रो चरणमा रणनीतिक योजनाको प्रारम्भिक खाका उपर सुझाव सङ्कलन गर्न आयोगका कर्मचारीहरूसँग अन्तर्क्रिया कार्यक्रमहरू गरिएका थिए । त्यसैगरी, क्षेत्र तथा सम्पर्क कार्यालयका कर्मचारीहरूबाट थप सुझावहरू सङ्कलन समेत गरिएका थिए ।

मार्च १-५, २००८ मा आयोगका आयुक्तहरूबीच मस्यौदामाथि छलफल भई महत्वपूर्ण विषयहरूमा सुझावहरू प्राप्त भएका थिए । त्यसैगरी मार्च २००८ को तेस्रो हप्तामा अध्यक्ष तथा सदस्यहरूको नेतृत्वमा गएको आयोगको टोलीले विराटनगर, पोखरा, नेपालगञ्ज र धनगढीमा चारवटा छुटाछुट्टै क्षेत्रीय स्तरका परामर्श कार्यक्रम सञ्चालन गरिएको थियो । क्षेत्रीय स्तरका परामर्श कार्यक्रमहरुमा स्वतन्त्र, भयरहित तथा निष्पक्ष संविधान सभा निर्वाचनको मानब अधिकारको दृष्टिकोणले अनुगमन आर्थिक समाजिक तथा साँस्कृतिक अधिकार लगायतका अन्य विषयमा आयोगको भूमिकाका सम्वन्धमा सरोकारबालाहरुबाट महत्वपूर्ण सुझाव सङ्कलन गरेको थियो ।

रणनीतिक योजनाको प्रक्रियाको सिलसिलामा २५ अप्रिल २००८ मा एउटा राष्ट्रिय कार्यशाला गरिएको थियो । उक्त कार्यशालामा नागरिक समाज, गैरसरकारी संस्था, सरकारी निकाय, अन्य आयोग, नेपाल बार एसोसिएसन, सञ्चार क्षेत्रका प्रतिनिधिहरूका साथै बुद्धिजीवी वर्ग एवम् आयोगका पदाधिकारी तथा कर्मचारीहरूको उपस्थिति थियो ।

यसैगरी, ९ मे २००८ मा दातृ समुदायका प्रतिनिधिहरूबीच एउटा परामर्श बैठक गरियो । संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालय, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम, युरोपेली सङ्घलगायतका अन्तर्राष्ट्रिय गैर सरकारी संस्था एवम् दातृ निकायका प्रतिनिधिहरूको बैठकमा उपस्थिति थियो । उक्त बैठकका सहभागीहरूले आयोगको रणनीतिक योजनामा संविधानसभा प्रक्रिया, सङ्क्रमणकालीन न्याय, राष्ट्रिय मानवअधिकार आयोगका निर्णयहरू कार्यान्वयन गराउने र संस्थागत क्षमता अभिवृद्धिलगायतका विषयहरूमा जोड दिनु पर्ने कुरा उल्लेख गरेका थिए ।

योजना निर्माण प्रक्रियाको अन्तिम चरणमा १३ मई २००८ मा आयोगले एउटा नागरिक समाजका अगुवाहरू वा बौद्धिक समूहहरू (Thick tank group) सम्मिलित एक परामर्श कार्यक्रमको आयोजना गर्‍यो । यस कार्यशालाका सहभागीहरूमा आयोगका पूर्व सदस्यहरू, नागरिक समाजका अगुवाहरू, प्राध्यापकहरू, सरकारी निकायका वरिष्ठ कर्मचारीहरू र वरिष्ठ कुटनीतिज्ञहरूबाट महत्वपूर्ण सुझावहरु प्राप्त भएका थिए ।

# ४. दूरदृष्टि, ध्येय र लक्ष्य

## ४.१ दूरदृष्टि

यस्तो नेपाली समाजको परिकल्पना गर्दौं, जहाँ सबै नागरिकले आफ्ना अधिकारहरूको समान रूपमा मर्यादा, सम्मान, स्वतन्त्रतापूर्वक र सामाजिक न्यायका साथ उपभोग गर्ने क्षमता राख्नेछन् र जहाँ दण्डहीनताका लागि कुनै स्थान रहनेछैन ।

## ४.२ ध्येय

विश्वव्यापी रूपमा आत्मसात् गरिएका मानवअधिकारका मान्यता, सिद्धान्त र मापदण्ड अनुरूप मानवअधिकारको संरक्षण, प्रवर्द्धन, सम्मान र परिपूर्ति सुनिश्चित गर्न, मानवअधिकार संस्कृतिको प्रवर्द्धन गर्न र दण्डहीनताको संस्कृतिलाई अन्त्य गर्न स्वतन्त्र, निष्पक्ष र विश्वसनीय राष्ट्रिय संस्थाका रूपमा अग्रणी भूमिका वहन गर्नु आयोगको मुख्य ध्येय रहेको छ ।

### ४.३ लक्ष्य

कानूनको शासन, शान्ति तथा मानवअधिकार शिक्षाको अभिवृद्धि तथा मानवअधिकारसम्वन्धी राष्ट्रिय-अन्तर्राष्ट्रिय दस्ताबेजहरूको प्रभावकारी कार्यान्वयन गरी पीडितले न्याय प्राप्त गर्ने तथा सबै समुदायका जनताको व्यापक सहभागिता एवम् समावेशी प्रतिनिधित्वसहितको प्रक्रियाद्वारा निर्माण हुने मानवअधिकारमैत्री नयाँ संविधानमार्फत समानरूपमा सबैले आफूलाई प्राप्त अधिकार र स्वतन्त्रताको उपभोग गर्ने वातावरणको निर्माणमा योगदान हुने लक्ष्य रहेको छ ।

## ५. आधारभूत मूल्य-मान्यता

यस रणनीतिक योजनाको तर्जुमाको प्रक्रियाको सिलसिलामा आयोगद्वारापहिचान गरिएका आधारभूत मूल्य-मान्यताहरु तल चर्चा गरिएको छ ।

### ५.१ पहुँच

आयोगका सेवाहरू आमनागरिकहरु विशेषगरी अत्यन्त विपन्न र जोखिम अबस्थामा रहेका व्यक्तिहरुका लागि सहज पहुँच उपलब्ध गराउने कुरामा कियाशिल रहने छ । सम्भव भएसम्म मानवअधिकार हनन्का अत्याधिक घटनाहरूमा अनुगमन तथा अनुसन्धानका लागि आफ्नो उपस्थिति जनाउनेछ । आयोगले मानवअधिकारसम्बन्धी आफ्ना सेवा, सूचना प्रवाह, कम व्ययभार तथा दूरीको सामिप्यतासमेतका आधारमा आमनागरिकको पहुँचको लागि काम गर्ने छ भने पछाडि पारिएका समूहको पहुँचमा विशेष ध्यान दिनेछ ।

### ५.२ जवाफदेहिता

आयोग आमनागरिकप्रति आफ्नो उत्तरदायित्व वहन गर्ने कुरामा सचेस्ट रहनेछ । यसको विश्वसनीयता र सफलता यसले वहन गर्ने उत्तरदायित्वमा निर्भर रहनेछ । आयोगले जवाफदेहिता अन्तर्गतको एउटा कार्यका रूपमा यसद्वारा सम्पादित भएका कामको आवधिक प्रतिवेदन तयार गर्ने र देशका सबै क्षेत्रमा व्यापक रूपमा वितरण गर्नेछ । आम नागरिकको माग तथा आबश्यकता अनुसार आयोगको भूमिका तथा दायित्वका बिषयमा सार्वजनिक सुनवाईको आयोजना गर्नेछ ।

## ५.३ विविधता

आयोगको नीति निर्माण, योजना र कार्यक्रम प्रक्रियामा विविधतायुक्त विषयहरूलाई सधैं ध्यानमा राखिने छ।

## ५.४ न्याय र समानता

सबै प्रकृतिका मानब अधिकार सबैका लागि समान रुपमा सुनिश्चितता हुने कुरालाई मध्यनजर गर्दै आयोगले कार्यक्रम सञ्चालन गर्नेछ। समाजमा सबै खाले भेदभावको उन्मूलन तथा शोषणको अन्त्य हनुपर्ने आयोगको मान्यता रहिआएको छ। आयोग यसका सबै क्रियाकलापहरूमा समान अवसरको प्रबर्द्धनको लागि प्रयासरत रहने छ। समता नै समानताको महसुस गराउने महत्वपूर्ण बाटो हो। तसर्थ, आयोगले लैङ्गिक तथा समाजिक सम्बर्द्धन सम्बधी कामलाई अगाडि बढाउने छ र वित्तीय प्रणालीमा सामाजिक समावेशीकरणलाई अभिवृद्धि गर्न जोड दिनेछ।

## ५.५ निष्पक्षता

निष्पक्षता, असंलग्नता र स्वायतता आयोगका प्रभावकारी कार्यका मुख्य आधारहरू हुन्। आयोग लिंग, जाति, आस्था, विचार, समाजिक अवस्था लगायतका अन्य कुनै पनि आधारमा कुनै व्यक्ति वा संस्था माथि पूर्वाग्रह राख्ने कुराबाट मुक्त रहनेछ। आयोगले यसका योजना, कार्यान्वयन तथा अनुगमन तथा निर्णय प्रक्रियाका सबै चरणहरुमा निष्पक्षता र स्बच्छता कायम राख्नेछ।

## ५.६ स्वतन्त्रता र स्वायत्तता

आयोग आफ्नो स्वतन्त्रता र स्वायत्तता कायम राख्न तथा यसको अभिवृद्धि गर्न दृढ सङ्कल्पित रहनेछ। आयोग स्वतन्त्रता र स्वायत्तताको विशेषता मानव अधिकारको जर्गेना, प्रवर्द्धन तथा दण्डहीनता सँस्कृतिको अन्त्यका लागि मुलुक भित्र तथा अन्यत्र समेत सुनिश्चितता हुनु पर्ने कुरामा संवेदनशील रहेको छ।

## ५.७ अक्षुण्णता

आयोगको प्रमुख कार्यमा सबैको मानवअधिकारको प्रवर्द्धन तथा संरक्षण भए पनि आयोग त्यस्ता व्यक्तिहरु जससँग सूचना र शक्तिमा पहुँच छैन वा धेरै कम छ, तिनीहरूको मानवअधिकार संरक्षणमा पहिलो प्राथमिकता दिने छ। आयोग आफ्नो सिद्धान्तहरूको अक्षुण्णता, आधारभूत मूल्य-मान्यता र निष्ठालाई दैनिन्दिनका अभ्यासमा आत्मसात र प्रबर्द्धन गरी मानवअधिकारको संरक्षण गर्न प्रतिबद्ध छ।

## ५.८ सहभागिता र सामाजिक समावेशीकरण

सर्वसाधारणहरूको चासोका विषयहरूमा जनताको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहभागितालाई प्रोत्साहित गर्ने आयोगको नीति रहेको छ । आयोग जनताको बढ्दो सहभागितामा विशेषगरी आयोगको भूमिका र कार्यहरूप्रति अपनत्व बोध गराउने कुरामा केन्द्रित रहेको छ ।

## ५.९ पारदर्शिता

नागरिकका सरोकारका विषयमा बिना विलम्व सूचना पाउने हक एवम् आयोगको सही सूचना दिने कर्तव्य रहने कुरा नीतिको रूपमा अङ्गीकार गरी आयोगले पारदर्शिता र सूचनाको हकलाई सुनिश्चित गर्नेछ । साथै, आयोग छापा वा विद्युतीयलगायतका विभिन्न माध्यमबाट आयोगद्वारा गरिएका निर्णय र प्रमुख नीतिहरूसम्बन्धी सूचना सहज तरिकाले दिनका लागि प्रतिबद्ध छ ।

# ६. मानवअधिकारका अहम् सवालहरू

**तल उल्लेखित सबालहरु मुलुकको विद्यमान संक्रमणकालीन अवस्थामा अह्म विषय रहेका छन्**

## ६.१ मानवअधिकारमैत्री संविधान निर्माण प्रक्रिया

संविधान निर्माण राज्यको प्रमुख एजेन्डा हो । हालै नवगठित संविधानसभाले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका लागि सहभागीतामूलक र समावेशीमुलक संविधान निर्माण गर्ने अपेक्षा गरिएको छ । मानवअधिकारमैत्री संविधान निर्माणमा २०६३ को जन आन्दोलनको भावना बमोजिम सघाउ पुऱ्याउने आयोगको नीति रहेको छ । तसर्थ, वकालत, अन्तर्क्रिया, बैठक, कार्यशाला तथा अन्य कार्यक्रमहरूमार्फत संविधानसभासद्हरू र तल्लो तप्काका जनताहरूमाझ चेतना अभिवृद्धि गर्ने आयोगको योजना रहेको छ ।

## ६.२ दण्डहीनताको संस्कृतिको अन्त्य

राज्यले भोगिरहेका विविध समस्याहरूमध्ये दण्डहीनता अति नै गम्भीर समस्या हो । दण्डित भइन्छ भन्ने डर नहुनु, अपर्याप्त कानुनी व्यवस्था र कानुन कार्यान्वयन गर्ने सयन्त्रहरू कमजोर हुनु जस्ता दण्डहीनता व्याप्त हुनु पछाडिका प्रमुख कारणहरू हुन् । विगतमा भएको चरम द्वन्द्वका कारण हजारौँ मानिसहरूले आफ्नो ज्यान गुमाउनु पऱ्यो भने लाखौँको सङ्ख्यामा मानिसहरू बिस्थापन, बेपत्ता तथा यातना सम्वन्धी विभिन्न खाले पीडाका शिकार भए । विगतमा मानवअधिकार हननमा सामेल भएका दोषीहरूलाई न्यायको कठघरामा ल्याउन तथा पीडितहरूका समस्यालाई सम्बोधन गर्न बिस्तृत शान्ति सम्झौता बमोजिम राज्य

सत्य निरूपण तथा मेलमिलाप आयोग तथा शान्ति तथा पुनर्स्थापना आयोग गठन गर्ने प्रक्रियामा रहेको छ । यस अवस्थामा आयोगले दण्डहीनताको अन्त्यका लागि सक्रियताका साथ अनुगमनलगायतका विभिन्न कार्यक्रमहरू आफ्नो योजनामा समावेश गराएको छ ।

देशमा चलेको एक दशक लामो सशस्त्र द्वन्द्वमा करिब १३ हजार मानिसहरूले ज्यान गुमाउन पर्‍यो । त्यसबाहेक कतिपय व्यक्तिहरू घाइते, जबर्जस्ती बेपत्ता, अपहरण तथा यातनाबाट पीडित भएका छन् । द्वन्द्वको कारणबाट पीडित विधवा, अपाङ्ग तथा आन्तरिक रूपमा विस्थापितहरूको आँकडा अझै एकिन गर्न सकिएको छैन । पछिल्ला दिनहरूमा नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताको अवस्थापछि केही हदसम्म पीडित हुनेहरूको सङ्ख्यामा कमी आए तापनि अन्त्य भने हुन सकेको छैन ।

## ६.३ जीवन, स्वतन्त्रता र सुरक्षाको संरक्षण

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको घोषणा भएपछि पनि अझै मुलुकका केही भागहरुमा मानिसको जिवन, स्वतन्त्रता तथा सुरक्षाको स्थिति चुनौतिपूर्ण रहेको छ ।

नेकपा (माओवादी) सँग आबद्ध वाइसीएल मानवअधिकारको उल्लङ्घनका घटनाहरूमा संलग्न भएको जस्तैः मानिस मार्ने, अपहरण गर्ने, यातना दिने, बेपत्ता बनाउने भन्ने विभिन्न सञ्चारमाध्यमहरूबाट समाचार प्रकाशन/प्रसारण भइरहेका छन् । यसका अतिरिक्त, सशस्त्र सङ्घ सङ्गठनहरू जस्तैः जनतान्त्रिक तराई मुक्ति मोर्चा, मधेसी टाइगर्स, तराई कोब्रा, तराई बागी पनि तिनीहरूको राजनैतिक प्रकृति र माग अनुसार मध्य तथा पूर्वी तराईका भागहरूमा मान्छे मार्ने, अपहरण गर्ने, यातना दिने, अपहरण र त्यसपछि बेपत्ता बनाउने जस्ता आपाराधिक कार्यमा समावेश भएका पाइन्छन् । राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकार हननका त्यस्ता घटनाहरूमा आफ्नो गम्भीर चासो व्यक्त गर्नुका साथै ती अवस्थाको निरन्तर अनुगमन गर्दै आएको छ ।

## ६.४ आर्थिक, सामाजिक र सांस्कृतिक विभेदका सबै रूपहरूको समाप्ति

जात, लिङ्ग, उद्गमस्थल, भाषा वा धर्मका आधारमा गरिने विभेदहरू परापूर्वकालदेखि नेपाली समाजमा चलिआएका कुरीतिहरू हुन् । विभेदहरू राज्यद्वारा संरक्षित र समाजमा मान्यता पाएका गरी दुई प्रकारका हुन्छन्, जसको फलस्वरूप पछाडि परेका समूहका व्यक्तिहरू राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय दस्ताबेजहरूमा उल्लिखित अधिकारहरूको उपभोग गर्नबाट बञ्चित हुन्छन् । तसर्थ, आयोगले सबै प्रकारको विभेद अन्त्यलाई प्राथमिक क्षेत्रका रूपमा समावेश गरेको छ । आयोग सबै प्रकारका विभेदको अन्त्यका

लागि प्रशासकीयलगायत कानुनी सुधार तथा सकारात्मक विभेद जस्ता उपायहरू अवलम्बन गरिनु पर्छ भन्ने मान्यता राख्छ ।

## ६.५ बेपत्ता तथा आन्तरिक रूपमा बिस्थापित व्यक्तिहरू

विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गर्ने दुवै पक्षहरू नेपाल सरकार र नेकपा (माओवादी) सम्झौतामा हस्ताक्षर गरेको ६० दिनभित्र द्वन्द्वको समयमा मारिएका र बेपत्ता भएकाहरूको नाम र ठेगाना सार्वजनिक गर्ने कुरामा सहमत भएका थिए । नेपाल सरकार र नेकपा (माओवादी) विच भएको विस्तृत शान्ति सम्झौता तथा २३ बुदें समझदारीले मानव अधिकार आयोगलाई ती सम्झौता तथा निजी सम्पत्ति आर्जन गर्ने, खरिद गर्ने र बेचविखन तथा उपभोग गर्न पाउनेलगायतका व्यक्तिको अधिकारको कार्यान्वयनको स्थितिको अनुगमन गर्ने अधिकार आयोगलाई प्रदान गरेको छ । यसै सन्दर्भमा आयोगले आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूको अवस्थाको अनुगमन तथा विस्तृत शान्ति सम्झौताको प्रभावकारी कार्यान्वयनको सिफारिस गर्नेछ । सम्झौताका दुवै पक्षहरू नाम र स्थिति सार्वजनिक गर्नका लागि गम्भीर नभएको आयोगको धारणा रहेको छ । तसर्थ, बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक गर्न र पीडित परिवारलाई अन्तरिम राहत र क्षतिपूर्ति प्रदान गर्न र दोषीलाई जवाफदेही बनाउन आयोग सम्बद्ध पक्षसँग आग्रह गर्दछ । यसै सन्दर्भमा आयोग बेपत्तासम्बन्धी आयोगको सुदृढीकरण गर्न सहयोग गर्दछ र राज्यका सयन्त्रहरूलाई मानवअधिकार हननका घटनाहरूमा जवाफदेही बनाउन र द्वन्द्व पीडितहरूलाई पर्याप्त क्षतिपूर्तिको सुनिश्चित गर्ने काम गर्नेछ ।

## ६.६ सामूहिक अधिकारहरू

**संयुक्त राष्ट्रसंघले सामूहिक अधिकार अन्तर्गत महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक लगायतका अधिकारहरुलाई जोड दिएको छ ।**

**बालबालिकाका अधिकारः** देशको कमजोर आर्थिक, सामाजिक र राजनीतिक अवस्थाका कारण बालबालिकाको बाँच्न पाउने, बालसहभागिता, संरक्षण तथा विकासको अधिकारको अवस्था नाजुक अवस्थामा छ । बालबालिकाहरू तिनीहरूका अधिकारहरूको उपभोग गर्नबाट बञ्चित रहेका छन् र बालश्रम, मानव ओसारपसार, हिंसा, बालसैन्य भर्ती, बालविवाह जस्ता शोषणबाट पीडित छन् । अन्तरिम संविधानमा बालबालिकाका अधिकारहरू मौलिक अधिकारका रूपमा समावेश गरिएका छन् । नेपाल बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धिको पक्षराष्ट्र समेत भइसककोले बालबालिकाका अधिकारको सुनिश्चितता गर्नु राज्यको दायित्व रहेको छ । तसर्थ, आयोग अन्तर्गत रहेको बाल अधिकार डेस्क मार्फत राज्यले गरेका प्रतिवद्धताहरुको कार्यान्वयनको अबस्था तथा सबै प्रकारका बालअधिकारका उल्लङ्घनका घटनाहरुको बारम्बार अनुगमन गर्दै आएको छ ।

**महिलाका अधिकारः** नेपालको जनसङ्ख्याको आधाभन्दा बढी भाग ओगटेका महिलाहरू जीवनका सबै आयमहरूमा विविध खाले हिंसा तथा विभेदका शिकारहरूका बाबजुद बाँच्न बाध्य भएका छन् । महिलाहरूलाई संविधान तथा मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूमा उल्लिखित मानवअधिकारबाट समेत बञ्चित गरिएको छ । महिला हक-अधिकारको संरक्षण र सम्बर्द्धन गर्न तथा विभेद हटाउने सम्बन्धमा आयोगले लैङ्गिक आधारमा हुने विभेदका अन्त्यका लागि अनुगमन गर्ने, कानुन तथा नीतिहरूको पुनरावलोकन गर्ने तथा महिलाको आर्थिक-सामाजिक अधिकारको सुनिश्चितताका लागि आवश्यक सिफारिस गर्नेछ । आयोगले महिला विरुद्ध हुने हिंसालाई एउटा गम्भीर मानवअधिकारको विषयका रूपमा लिएको छ र त्यसको निराकरण गर्न तथा राहतका लागि सक्रिय भूमिका निर्वाह गर्नेछ । साथै, आयोगले मुख्य रूपमा कलिला उमेरका किशोरी एवम् युवतीहरू बढी पीडित हुने गरेको मानव बेचविखन तथा ओसारपसारसम्बन्धी अवस्थाको समेत अनुगमन अन्तर्राष्ट्रिय सीमानामा राज्यका संयन्त्रहरु प्रभावकारी रुपमा परिचालन गरी त्यस्ता घटनाहरु नियन्त्रण तथा निरोध गरिनु पर्ने सम्वन्धमा समेत शिफरीश गर्दछ ।

**अल्पसङ्ख्यकको अधिकारः** जातीय, धार्मिक, भाषिक, आदिवासी तथा लिङ्गका आधारमा रहेका अल्पसङ्ख्यकहरूको अधिकार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानुनहरूको अभिन्न अङ्गको रूपमा रहेका छन् । यी अधिकारहरूको सम्बोधन हुनु भनेको समाजमा रहेका जोखिम तथा पछाडि परेका समूहका बीच समानतालाई सुनिश्चित गर्नु हो । अल्पसङ्ख्यकका अधिकारलाई सुदृढ गर्नका लागि आयोगले विभेदपूर्ण कानुन पुनरावलोकन गर्ने र राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय सन्धिहरूको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने तथा राज्यले बिद्यमान कानून तथा अभ्यासमा रहेका सबै खाले विभेदलाई अन्त्य गर्न लक्षित कार्यक्रम ल्याउन सक्रियताका साथ कार्य गर्नेछ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारः** नेपालको अन्तरिम संविधानले जनताका मौलिक अधिकारका रूपमा केही आर्थिक-सामाजिक अधिकारहरूलाई अङ्गीकार गरेको छ । दिगो शान्ति विकासमा यी अधिकारहरूको संरक्षण र संबर्द्धन गर्नु नितान्त जरुरी छ । द्वन्द्वपश्चात्को आर्थिक तथा सामाजिक रूपान्तरणको वर्तमान सन्दर्भमा, यस्ता अधिकारहरूको संरक्षण, सम्बर्द्धन र सम्मान गर्नका लागि यथेष्ट ध्यान दिनु नितान्त जरुरी छ र त्यसमाथि पनि पराम्परागत रूपमा पछाडि परेका समुदायको आर्थिक एवम् समाजिक हक-अधिकारलाई विशेष जोड दिनु पर्दछ । तसर्थ, आयोगले आर्थिक-सामाजिक अधिकारहरूको संरक्षण, सम्वर्द्धन, सम्मान तथा परिपूर्तिलाई मापन गर्न सूचकाङ्कहरूको निर्माण गर्नका लागि पहल गर्नुका साथै त्यस्ता हक-अधिकारसमेत अनुगमन गर्नेछ । त्यसैगरी आयोगले आर्थिक-समाजिक अधिकारसँग सम्बन्धित कानुन, नीति र योजनाको पुनरावलोकन गर्नुका साथै तिनका कार्यान्वयनको अवस्थाको समेत अनुगमन गर्नेछ । यसैगरी आयोगले सबै विकासका योजना तथा कार्यक्रमहरूमा अधिकारमुखी अवधारणा अनुरूप निर्माण गर्नेतर्फ अभिप्रेरित गर्न पहल गर्नेछ ।

**वातावरण, विकास र शान्तिसम्बन्धी अधिकारः** अन्तरिम संविधानमा उल्लेख भएअनुसार स्वस्थ वातावरणको अधिकार पनि एउटा मौलिक अधिकार हो । विकासको अधिकारसम्बन्धी घोषणा, १९८६ बमोजिम मानवलाई नै विकासको केन्द्र बनाइनुपर्ने उल्लेख छ । विकासका गतिविधिहरूमा सहभागी हुने, योगदान गर्ने र त्यसका प्रतिफलको उपभोग गर्ने अधिकार सबै नागरिकमा रहन्छ । अझै शान्तिपूर्ण वातावरणमा बस्न पाउने अधिकार नागरिकको नैसर्गिक अधिकार हो । पर्याप्त जीवनको स्तरीयताको सुनिश्चितता गर्न नागरिक, साँस्कृतिक, आर्थिक, राजनीतिक र सामाजिक अधिकारका साथै विकासको अधिकार र शान्तिपूर्ण वातावरणमा बाँच्न पाउने अधिकारहरूको सुनिश्चितता हुनका लागि गरिबी निवारण हुनु जरुरी छ । यी अधिकारहरू राष्ट्रिय कानुन र नीतिहरूसँग मेल खाए/नखाएको र समाजमा ती अधिकारहरूको सम्मान भए/नभएको आयोगले अनुगमन गर्नेछ ।

## ७. उद्देश्य र रणनीतिहरू

२००८-२०१० को अवधिको रणनीतिक योजनामा तल उल्लिखित रणनीतिक उद्देश्यहरू तथा गतिविधिहरू सम्बोधन गर्न खोजिएको छ :

**रणनीतिक उद्देश्य १ :** *दण्डहीनताको अन्त्य गर्ने अभिप्रायले विधिको शासन, शान्ति तथा मानवअधिकार संस्कृतिलाई सुदृढीकरण गर्ने ।*

**१.१ नेपाल सरकारद्वारा गरिएका विभिन्न सहमतिहरूको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन गर्ने ।**

**रणनीतिक सरोकारका क्षेत्रहरू**

- आन्तरिक रूपमा विस्थापितसम्बन्धी नेपाल सरकारको नीतिको पुनरावलोकन तथा कार्यान्वयनको अवस्थाबारे अनुगमन गर्ने
- नेपाल सरकारद्वारा गरिएका विभिन्न सहमतिहरूको कार्यान्वयनको अवस्थाको प्रतिवेदन सार्वजनिक गर्ने,
- आन्तरिक रूपमा विस्थापित सम्बधी नीति  बेपत्ता व्यक्तिको स्थिति र जमिनमुनि बिछ्याइएका विष्फोटक पदार्थका बारेमा अध्ययन गर्ने

**१.२ पारदर्शी प्रक्रियामार्फत स्वतन्त्र सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्ता पारिएका व्यक्तिसम्बन्धी आयोगहरूको स्थापनाका लागि वकालत गर्ने ।**

- सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्ता पारिएका व्यक्तिसम्बन्धी आयोगहरूको स्थापनासम्बन्धी कानुनहरूको अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप निर्माण गर्न वकालत गर्ने ।
- त्यस्ता विभिन्न आयोगहरूद्वारा गरिने सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन तथा वकालत गर्ने ।

**१.३ दिगो शान्ति निर्माण तथा द्वन्द्व रूपान्तरणमा योगदान पुऱ्याउने ।**

- हिंसाग्रस्त क्षेत्रमा रोकथामका उपायहरू लागू गराई समाजमा शान्ति र समन्वय कायम राख्नका लागि सिफारिस गर्ने ।
- स्थानीय (जिल्लास्तरीय) शान्ति समितिहरूको निर्माण र कार्यसञ्चालनको अनुगमन गर्ने ।
- समुदायमा शान्ति निर्माणका लागि मध्यस्थकर्ता तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धिका लागि सहयोग गर्ने ।
- द्वन्द्वपीडितहरूलाई परिपूरण तथा पुनर्स्थापना न्याय प्रदानका लागि वकालत गर्ने ।
- शान्ति प्रक्रियामा स्वतन्त्र, सक्रिय तथा अर्थपूर्ण सहभागिताका लागि वकालत गर्ने ।
- समुदायमा शान्ति निर्माणका लागि मध्यस्थ सम्वन्धी सेवाको विस्तारको लागि सहजीकरण गर्ने
- आयोगका कर्मचारीहरूको मध्यस्थतासम्बन्धी क्षमता अभिवृद्धि गर्न तालिम प्रदान गर्ने ।
- सरोकारवालाहरूसँग सहकार्य गरी अन्तरक्रिया, कार्यशाला, सेमिनारलगायतका माध्यमहरूबाट द्वन्द्व निरूपण तथा शान्ति निर्माणका लागि कार्य गर्ने ।

**१.४ आयोगले गरेका सिफारिसहरूको नेपाल सरकारद्वारा कानुनबमोजिम कार्यान्वयन सुनिश्चित गर्ने ।**

- आयोगको सिफारिस कार्यान्वयन अवस्थाको अनुगमन संयन्त्र निर्माण गर्ने तथा सिफारिसहरूको पूर्ण कार्यान्वयनका लागि निर्देशात्मक आदेश दिने तथा निदैशिका लागू गर्ने ।
- अनुसन्धान र सिफारिसहरूमा पीडित केन्द्रित अवधारणाको विकास सरोकारवालासँग सहकार्य गर्ने ।
- सिफारिसहरूको कार्यान्वयनको अवस्थाका बारेमा प्रतिवेदनहरु प्रकाशन गर्ने ।

**१.५ मानवअधिकार संरक्षणका लागि अनुगमन र अनुसन्धान संयन्त्रको सुदृढीकरण ।**

- मानवअधिकारको समग्र अनुगमन तथा अनुसन्धान गरी सिफारिस गर्ने ।
- साक्षी र पीडित संरक्षण संयन्त्रको स्थापना गर्नका लागि सहजीकरण गर्ने ।

- राष्ट्रिय विधि विज्ञान संयन्त्रको सुदृढीकरणका लागि कार्य गर्ने ।
- कारागार/हिरासत भ्रमणसम्बन्धी राष्ट्रियस्तरको संयन्त्र निर्माण तथा कारागार सुधारका लागि कार्य गर्ने ।
- निःशुल्क कानुनी सेवा, न्यायमा सरल पहुँच, छिटो र निष्पक्ष सुनुवाइको अधिकारका लागि वकालत गर्ने ।
- अनुसन्धानका नयाँ विधिहरूलाई प्रयोग गरी आयोगमा परेका उजुरीहरूको छिटो किनारा लगाउने ।
- मानवअधिकार उल्लङ्घनको अनुसन्धान तथा शिफारीशको प्रभावकारी कार्यान्वयनको ताकेता सम्वन्धी आयोगको क्षमता अभिवृद्धि तथा विस्तार गर्ने ।
- गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका घटनाहरूको सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्ने ।
- समग्र मानवअधिकारको स्थितिका बारेमा प्रतिवेदनहरू प्रकाशन गर्ने ।
- अनुसन्धान र अभियोजन गर्नका लागि प्रहरी र अभियोजनकर्तासँग सहकार्य गर्ने सम्बन्धमा संयन्त्र स्थापनाका लागि पहल गर्ने ।

**रणनीतिक उद्देश्य २ :** *समावेशी तथा सहभागितामूलक विधिद्वारा मुलुकमा मानवअधिकारमैत्री संविधान निर्माणका लागि दबाब सिर्जना गर्न उत्प्रेरकको भूमिका निर्वाह गर्ने ।*

**रणनीतिक सरोकारका क्षेत्रहरू**

२.१ **संविधानसभाको प्रक्रियालाई मानवअधिकारका दृष्टिकोणबाट अनुगमन तथा वकालत गर्ने ।**

- संविधानसभाको प्रक्रियामा महिला र उपेक्षित वर्गको अर्थपूर्ण सहभागिता तथा समावेशी प्रतिनिधित्वको अनुगमन तथा वकालत गर्ने ।
- संविधानसभाको प्रक्रियाको मानवअधिकारको दृष्टिकोणबाट अनुगमन गरी प्रतिवेदनहरू प्रकाशन गर्ने ।
- सरोकारबालाहरूसँग समन्वय गरी सूचना आदानप्रदान, अनुगमन, वकालतसम्बन्धी कार्य गर्ने ।

२.२ **नयाँ संविधानलाई मानवअधिकारका दृष्टिले अझै परिष्कृत गर्नका लागि वकालत गर्ने ।**

- नयाँ बन्ने संविधानमा आयोगको संवैधानिक हैसियतलाई कायमै राख्न पहल गर्ने ।
- संविधानसभा र मानवअधिकार विषयसँग सम्बन्धित सूचना, शिक्षा तथा सञ्चारका वकालत सामग्री उत्पादन तथा वितरण गर्ने ।

- मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप नयाँ संविधान निर्माणका लागि अध्ययन, पुनरावलोकन तथा सहकार्य गर्ने ।
- संविधानसभाका सदस्यलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजका बारेमा जानकारी पुस्तिका उपलब्ध गराउने ।
- संविधानसभासद्, नागरिक समाज, गैरसरकारी सङ्घ-संस्था तथा लक्षित समुदायसँग अन्तरक्रिया, बैठक, सेमिनार, गोष्ठी तथा तालिम आयोजना गर्ने ।
- संविधान निर्माण प्रक्रियामा अपेक्षित तथा जोखिममा परेका व्यक्तिका सवालमा वकालत गर्ने ।

**रणनीतिक उद्देश्य ३ :** *महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकलगायतका उपेक्षित तथा बञ्चितिमा पारिएका वर्गहरूको लैङ्गिक तथा जातीय समानता, सशक्तीकरण र सबै प्रकारका हिंसा तथा विभेदको अन्त्यमा विशेष जोड दिँदै सामूहिक हक-अधिकारको वकालत तथा अनुगमन गर्ने ।*

**रणनीतिक सरोकारका क्षेत्रहरू**

**३.१. समानता र अविभेदसम्बन्धी अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरूको प्रभावकारी कार्यान्वयनका लागि वकालत गर्ने ।**

- समानता र महिला सशक्तीकरणसम्बन्धी राष्ट्रिय कानुन तथा नीति-नियमहरूको स्थितिका साथै सर्वोच्च अदालतका निर्णयबारे अध्ययन-अनुसन्धान गर्ने ।
- तल्लो तप्कासम्म लैङ्गिक सचेतनात्मक कार्यक्रमको प्रवर्द्धन गर्ने ।
- लिङ्ग, धर्म, जातजाति, शारीरिक तथा मानसिक अशक्तता आदिमा आधारित विभेदको अनुगमन गर्ने ।
- राजनैतिक दलहरु तथा संबिधान सभासद्लाई समनता तथा अभिवेद अधिकारको बारेमा सचेतना गर्ने ।
- समानता तथा अभिवेद अधिकारको बारेमा नीति निर्मातालाई जानकारी गराउन तथा आमनागरिक सचेतना गर्ने सूचना, शिक्षा तथा सञ्चार सामग्री उत्पादन तथा वितरण गर्ने ।

**३.२. महिलाविरुद्ध हुने हिंसालगायत मानव बेचविखन सम्बन्धी विद्यमान व्यवस्थाहरूको पुनरावलोकन गर्ने ।**

- महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि विद्यमान कानुनी संयन्त्र अन्तरीष्ट्रिय दस्तावेजहरू अनुरूप भए/नभएको अध्ययन गर्ने ।

- राजनीतिक दल, कानुन कार्यान्वयन गर्ने निकाय तथा नीति-निर्माताहरूसँग मानव बेचविखनको नियन्त्रण तथा रोकथामका लागि अन्तरक्रिया गर्ने ।
- श्रम कानुन तथा नीतिको अप्रवासी कामदारको अधिकारसँग मेल खाने गरी पुनरावलोकन तथा वकालत गर्ने ।
- बेचविखनमा परेकाहरूको उद्धार, क्षतिपूर्ति, पुनर्स्थापना र पुनर्मिलनको व्यवस्थाका लागि वकालत गर्ने ।

**३.३. मानव बेचबिखनविरुद्ध लड्न क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोगका लागि पहल गर्ने ।**

- अन्तरदेशीय मानव बेचबिखनविरुद्ध लड्न नेपाल तथा भारतीय राष्ट्रिय मानवअधिकार आयोग बीच सहमतिपत्रका लागि पहल गर्ने ।
- सुरक्षित आप्रबासन तथा बेचबिखनविरुद्ध लड्न सार्क क्षेत्रका अन्य मुलुक तथा खाडी मुलुकमा रहेका मानवअधिकारवादी सङ्घ-संस्थासँग सहकार्य गर्ने ।
- मानव बेचविखनको नियन्त्रण तथा रोकथाम तथा समाजिक पुनर्मिलनका लागि कार्यरत राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मुलुकमा रहेका मानवअधिकारवादी सङ्घ-संस्थासँग सहकार्यमा अभिवृद्धि गर्ने ।

**३.४ बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूको हक-अधिकार सम्वन्धी कार्य गर्ने ।**

- बालबालिकाको बाँच्न पाउने अधिकार, संरक्षण, विकास एवम् सहभागितासम्बन्धी अधिकारको अनुगमन तथा वकालत गर्ने ।
- अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकको पहुँच वृद्धि गर्न सरकारी तथा निजी संरचना निर्माण गर्दा लागू हुने आचारसंहितामा सुधारका लागि पहल गर्ने ।
- बाल अधिकार सम्बन्धी  दश वर्षे राष्ट्रिय कार्ययोजना, २००५ -२०१४ लगायत कार्य योजना तथा नीतिहरुको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय र जिल्ला बालकल्याण समितिहरूसँग सहकार्य गर्ने ।
- बालबालिकासम्बन्धी सयुक्त राष्ट्रसङ्घको बालअधिकार समितिले दिएको आन्तिम सुझावहरु, सर्वोच्च अदालतबाट भएका फैसलाहरु तथा आयोगद्वारा गरिएका शिफारीशहरुको कार्यान्वयन अबस्थाका बारेमा अनुगमन गर्ने  ।
- निःशुल्क कानुनी सहयताका लागि नेपाल बार एसोसियसन लगायतका सङ्घ-संस्थासँग सहकार्य गर्ने ।

**रणनीतिक उद्देश्य ४ :** *शिक्षा, सूचना एवम् सञ्चारसम्बन्धी सामाग्री विकास तथा वितरण गरी समाजमा मानवअधिकार शिक्षा तथा चेतना अभिवृद्धि गर्ने ।*

**रणनीतिक सरोकारका क्षेत्रहरू**

**४.१ मानवअधिकार संस्कृतिको विकासका लागि सरोकारवालाहरूसँग राणनीतिक साझेदारी अभिवृद्धि गर्ने ।**

- आयोगको संचार नीति तथा निर्देशिका तर्जुमा गर्ने ।
- सूचना, शिक्षा तथा सञ्चार सामग्री उत्पादन तथा वितरणका लागि सम्बन्धित सरोकारवालाहरूसँग सहकार्य गर्ने सम्बन्धमा आवश्यक नीति तयार गर्ने ।
- जनजिब्रोको भाषामा सूचना, शिक्षा तथा सञ्चार सामग्री उत्पादन तथा वितरण गर्ने
- छापा तथा विद्युतीय सञ्चारका माध्यमको प्रयोगबाट मानव अधिकार सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने ।
- आयोगका कर्मचारीहरूको सूचना, शिक्षा तथा सञ्चार सामग्री उत्पादन तथा वकालत गर्ने क्षमता अभिवृद्धि गर्ने ।
- जन चेतना अभिवृद्धि गर्न नेपाल सरकार, गैर सरकारी संघसंस्था, विभिन्न आयोगहरु, प्राज्ञिक तथा निजी संस्थाहरुसँग सरोकारावालाहरूसँग सहकार्य गरी नमूना सूचना, शिक्षा तथा सञ्चार सामग्री उत्पादन तथा वितरण गर्ने ।

**४.२ विद्यालयस्तर तथा पाठ्यक्रममा मानवअधिकार शिक्षाको समावेशीका लागि प्रमुख सरोकारवालाहरूसँग सहकार्य गर्ने ।**

- राजनीतिक दलहरू, प्रशासक, सुरक्षाकर्मी, शिक्षक, विद्यार्थी, धर्मगुरुहरूको मानवअधिकार शिक्षा सम्बन्धमा ज्ञान, सीप तथा व्यवहारको अध्ययन गर्ने ।
- विद्यालयको पाठ्यक्रममा मानवअधिकार शिक्षा तथा शान्ति शिक्षा समावेश गर्नका लागि पहल गर्ने ।
- सम्पादक, पत्रकार, सम्वाददाता र कार्यक्रम सञ्चालकलाई मानवअधिकार रिपोर्टिङ्गसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।
- सुरक्षाकर्मी, प्रशासक तथा न्यायिक क्षेत्रका तालिम पाठ्यक्रममा मानवअधिकार तथा शान्ति शिक्षा समावेश गर्न अन्तरक्रिया, गोष्ठी तथा वकालती कार्यक्रम गर्ने ।
- सम्बन्धित सरोकारवालाहरूसँग सहकार्य गरी अनौपचारिक शिक्षा कार्यक्रम लगायतका धार्मिक विद्यालयहरुमा मानवअधिकार शिक्षा तथा शान्ति शिक्षालाई व्यापक गर्न बकालत गर्ने ।

**रणनीतिक उद्देश्य ५ :** *आवश्यक सूचकाङ्क तथा मापदण्ड निर्माण गरी राज्यद्वारा गरिनुपर्ने आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको परिपूर्ति स्तरको अनुगमन तथा वकालत गर्ने ।*

**रणनीतिक सरोकारका क्षेत्रहरू**

**५.१ अन्तरिम संविधानप्रद्धत्त मौलिक अधिकारका परिपालना भए/नभएको अनुगमन गर्ने तथा अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजका प्रावधानहरूलाई राष्ट्रिय कानुनमा समावेश गर्न पहल गर्ने ।**

- प्रचलित कानुन र प्रशासनिक तथा अन्य उपायहरू नेपालको अन्तरिम संविधान, २०६३ तथा आर्थिक, समाजिक तथा साँस्कृति अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धीको प्रावधान अनुरूप भए/नभएको पुनरावलोकन गर्ने ।
- स्वास्थ्य सेवा तथा शिक्षाको अधिकारका साथै खोप कार्यक्रम तथा एन्टी रेट्रोभाइरल औषधीको पहुँचका सम्बन्धमा अनुगमन गर्ने ।
- मानवअधिकारसम्बन्धी नेपाल सरकारद्वारा तर्जुमा गरिएका राष्ट्रिय कार्य योजना लगायतका कार्य योजनाहरुको जनताको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सन्दर्भमा प्रभावकारी कार्यान्वयनको अनुगमन गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि सहयोगी हुने खालका शैक्षिक सामग्रीको पहुँचताको सुनिश्चितता गर्ने सहकार्य गर्ने ।
- बाल श्रम, जबर्जस्ती श्रम तथा त्यस्तै प्रकृतिका अन्य श्रमको प्रभावकारी कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने ।

**५.२ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको चेतना तथा परिपूर्ति स्तरको अभिवृद्धिका लागि नेपाल सरकार, नागरिक समाज, गैर सरकारीसंघसंस्थासँग सहकार्य गर्ने ।**

- आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार तथा अधिकारमुखी विकासको अवधारणाका बारेमा कानुन कार्यान्वयन गर्ने कर्मचारी, राजनीतिज्ञ, नागरिक समाज, मानवअधिकारवादी सङ्घ-संस्था तथा नीति निर्मातालाई सचेतना गराउने ।
- खाद्य सम्प्रभुता, सहज आपूर्ति व्यवस्था, सफा पिउने पानी, खाद्य सुरक्षा तथा खाद्य सर्वसुलभ मूल्यमा प्राप्त एवम् पहुँच पुग्ने कुराको सुनिश्चितताका लागि सहकार्य गर्ने ।
- मानव अधिकारमैत्री अनुरूप राष्ट्रिय नीति तथा कार्ययोजनाको तर्जुमा गर्न तथा प्रभावकारी कार्यान्वयनका लागि व्यवस्थापिका-संसद्, प्रधानमन्त्रीको कार्यालय तथा राष्ट्रिय योजना आयोगसँग सहकार्य गर्ने ।

- खाद्यान्नका अधिकार, सफा पिउने पानी, स्वास्थ्य सेवा, बसोबास लगायतका जनताका अधिकारका लागि *नेपाल सरकार तथा अन्य सरोकारबालाहरुसँग छलफल बहस* गर्ने ।
- प्रभावकारी कार्यान्वयनको अनुगमन गर्नका लागि राष्ट्रिय स्तरको सूचकाङ्क विकासका लागि कार्य गर्ने ।
- बन्द-हडतालको अवस्थामा समेत अत्यावश्यक सेवा तथा वस्तुहरूको आपूर्तिको व्यवस्थाको अनुगमन गरी सिफारिस गर्ने ।
- जुनसुकै प्रकारका भष्ट्राचार मानव अधिकारको सम्मान, प्रवर्द्धन, संरक्षण तथा परिपूर्तिका लागि बाधक हो भन्ने कुराको बकालत गर्ने ।

**रणनीतिक उद्देश्य ६ :** *मानवअधिकारसम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको अनुमोदन वा सम्मीलन, घरेलुकरण तथा प्रभावकारी कार्यान्वयन गरिने कुराको सुनिश्चितताका लागि अनुगमन तथा वकालत गर्ने ।*

**रणनीतिक सरोकारका क्षेत्रहरू**

**६.१ मानवअधिकारसम्बन्धी महासन्धि प्रभावकारी कार्यान्वयनका लागि वकालत गर्ने ।**

- मानवअधिकारसम्बन्धी प्रमुख ६ वटा अन्तर्राष्ट्रिय सन्धि-सम्झौता, अन्तर्राष्ट्रिय श्रम सङ्गठन सम्बन्धी महासन्धि १६९, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि तथा बालबालिकाका अधिकारसम्बन्धी थप ऐच्छिक उपलेखहरूको कार्यान्वयनको अवस्थाको अध्ययन गर्ने ।
- श्रम सङ्गठनसम्बन्धी महासन्धि १६९ लाई राष्ट्रिय कानुनमा समावेश गरी प्रभावकारी कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय श्रम सङ्गठन तथा स्थानीय विकास मन्त्रालयसँग सहकार्य गर्ने ।
- नेपाल सरकारसँग प्रतिवेदन पठाउनु पर्ने दायित्व पूरा गराउने सम्बन्धमा सहकार्य गर्ने ।
- हालै अनुमोदन गरिएका महासन्धिका प्रावधानहरूका सम्बन्धमा नेपल सरकार, नागरिक समाज तथा गैरसरकारी सङ्घ-संस्थामा चेतना अभिवृद्धि गर्ने ।
- वैकल्पिक प्रतिवदेन तयार गर्ने सम्बन्धमा मानवअधिकारवादी सङ्घ-संसस्थाको क्षमता अभिवृद्धि गर्ने ।
- महासन्धि प्रतिवेदनसम्बन्धी कार्य विषयमा सरकारी तथा गैरसरकारी सम्पर्कबिन्दुहरूसँगको सञ्जाल सुदृढीकरण गर्ने ।

**६.२ नेपाल पक्ष हुन बाँकी रहेका महासन्धिको अनुमोदनका लागि पहल गर्ने ।**

- रणनीतिक योजनाको प्राथमिकतामा परेका यातनासम्बन्धी महासन्धि, बलजफ्ती बेपत्तासम्बन्धी सन्धि, रोम विधान तथा अन्य मानवअधिकार सन्धिहरूको अनुमोदनका लागि वकालत गर्ने ।

**६.३ राष्ट्रिय कानुनहरू अन्तर्राष्ट्रिय मानवअधिकार महासन्धि अनुरूप संशोधनका लागि वकालत गर्ने ।**

- **राष्ट्रिय कानुनहरूको पुनरावलोकन गरी अन्तर्राष्ट्रिय मानवअधिकार महासन्धि अनुरूप कार्यान्वयनका लागि शिफारीश गर्ने ।**
- मानवअधिकारसँग सम्बन्धित प्रमुख विषयका कानुन निर्माण प्रक्रियामा आयोगको भूमिकाका लागि पहल गर्ने ।
- विद्यमान कानुनहरू संविधान तथा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी महासन्धि अनुरूप हुने गरी संशोधन तथा परिष्कृत गर्दै लैजाने ।
- व्यक्तिको बाँच्न पाउने स्वतन्त्रता तथा सुरक्षासम्बन्धी अधिकारलाई सुनिश्चितता गर्न विद्यमान कानुनहरूको संशोधन गर्ने ।
- मानवअधिकारसँग सम्बन्धित प्रमुख महासन्धिका प्रावधानलाई राष्ट्रिय कानुनमा समावेश गर्नका लागि आवश्यक संयन्त्र निमार्ण लागि पहल गर्ने ।
- अन्तर्राष्ट्रिय मानवअधिकार महासन्धिका दायित्वलाई संविधान निमार्ण प्रक्रियमा ध्यान दिन नेपाल सरकार तथा संविधान सभालाई आवश्यक शिफारीश गर्ने ।

**रणनीतिक उद्देश्य ७ :** *आयोगको सुदृढीकरण तथा संस्थागत क्षमता विस्तार गरी आयोगको पहुँच, विश्वसनीयता, प्रभावकारिता र जवाफदेहिताको अभिवृद्धि गर्ने ।*

**रणनीतिक सरोकारका क्षेत्रहरू**

- आयोगको पहुँच मुलुकभर विस्तार गर्ने तथा सबै क्षेत्र तथा जिल्लामा वास्तविकता तथा मितव्ययी प्रभावकारी पहुँच कार्यक्रम बिकास गर्ने ।
- आयोगको बर्तमान सँस्थाको संरचनाको पुनरावलोकन गर्ने ।
- विद्यमान मानव स्रोत व्यवस्थापनसम्बन्धी ऐन, नियम तथा नीतिहरूको पुनरावलोकन गर्ने ।
- आयोगको डाटाबेस तथा मानव अधिकार श्रोत केन्द्रमा जनताको पहुँचमा अभिवृद्धि गर्ने ।

- गैर सरकारी संघसंस्था नागरिक समाज, पेशागत संघसस्था तथा प्राज्ञिकहरु सहकार्य गर्न नीति तथा निर्देशिका निर्माण गर्ने ।
- मानव अधिकार सम्वन्धी अन्य राष्ट्रिय संस्थाहरु जस्तै राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग र राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठान, केन्द्रीय बाल कल्याण समिति, अपाङ्गता भएका व्यक्तिहरुको प्रवर्द्धन तथा संरक्षण सम्वन्धी केन्द्रीय समन्वय समिति लगायतका सयन्त्रहसँग समन्वय तथा सहकार्य गर्ने ।
- आयोग भित्र आन्तरिक रुपमा तथा वाह्र्यसँग गरिने संचार तथा पारदर्शीताको स्तरमा अभिवृद्धि गर्ने ।
- अन्य देशका मानवअधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरू, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मानवअधिकार सङ्घ-संस्थासँग पेरिस सिद्धान्तको भवना अनुरुप यस आयोगलाई  प्रभावकारी, विश्वासनीय तथा स्वतन्त्र बनाउन लागि सूचना तथा अनुभवको अदान प्रदान मार्फत सम्वन्ध विस्तार तथा अभिवृद्धि गर्ने ।
- प्रभावकारी अभिलेखीकरण, प्रलेखीकरण, प्रतिवदन लेखन, प्रकाशन तथा वितरण प्रणालीमा सुधार गर्ने ।
- आयोगबाट भएका निर्णयहरूको कार्यान्वयनका लागि ताकेता प्रणालीमा सुधार गर्ने ।
- आयोगका कार्यालयमा व्यवस्थित तथा प्रभावकारी उजुरी व्यवस्थापन प्रणाली लागु गर्ने ।
- जोखिम अवस्थामा काम गर्ने मानवअधिकार रक्षकहरूको संरक्षण तथा सुरक्षा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार राष्ट्रिय निर्देशिका  बिकास गर्ने ।
- वकालत तथा सम्बर्द्धन रणनीतिको कार्यान्वयका लागि आवश्यक संयन्त्र विकास गर्ने ।
- आयोगको केन्द्रीय तथा क्षेत्रीय कार्यालयहरूका लागि उपयुक्त जग्गाको खोजी गरी दीघ्रकालीन प्रयोग तथा दिगोपनका लागि आफ्नै भवन बनाउने ।
- समग्र मानब अधिकारको अवस्थाका बारेमा स्तरीय आवाधिक तथा वार्षिक प्रतिवदेन प्रकाशन तथा बिस्तार गर्ने ।
- आयोगमा थाँती रहेका उजुरी उपर छिटो किनारा लाउन आयोगको क्षमता अभिवृद्धि गर्ने ।

## ८. धारणा तथा कार्यविधिहरू

### ८.१ धारणाहरू

आयोगले यस योजनाको कार्यान्वयनको दौरानमा निम्न उपायहरू अवलम्बन गर्नेछ :

- व्यापक समता र समाजका अति विपन्नहरूको अधिकारहरू स्थापित गराउनका लागि लैङ्गिक र सामाजिक समावेशीकरणको ढाँचाको अवलम्बन गर्ने ।
- मानवअधिकारको संरक्षण र प्रबर्द्धन गर्नका लागि नेपाल सरकारका विभिन्न विभागहरू, अन्य आयोगहरू, नागरिक समाजका सङ्घ सङ्गठनहरू, क्षेत्रीय र अन्तर्राष्ट्रिय सरकारी संस्थाहरू र अन्य राष्ट्रिय मानवअधिकार संस्थाहरूसँग रणनीतिक सहकार्यको विकास गर्ने ।
